# प्रेस विज्ञप्ती

पौष १६, २०७८

## सिद्धार्थ बैंक पनि अब नेशनल पेमेन्ट स्वीचमा आबद्ध

सिद्धार्थ बैंक लिमिटेड र नेपाल क्लियरिङ्ग हाउस लिमिटेड बीच एनसीएचएलले कार्यान्वयन गर्दै गरेको नेशनल पेमेन्ट स्वीचको पहिलो चरणको थालनीका औपचारिक रुपमा सम्झौता भएको छ। उक्त सम्झौता पत्रमा सिद्धार्थ बैंकका पेमेन्ट सोलुसन्स डिपार्ट्मेन्ट एण्ड बिजनेस सपोर्ट प्रमुख श्री सुरेश राज महर्जनज्यू तथा नेपाल क्लियरिङ्ग हाउस लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री नीलेश मान सिंह प्रधानज्यूले हस्ताक्षर गर्नुभएको छ।

यस सम्झौता अनुरुप सिद्धार्थ बैंकले नेशनल पेमेन्ट स्वीचको पहिलो चरणमा रिटेल पेमेन्ट स्वीच अन्तर्गत नेपाल-क्युआर स्ट्याण्डर्ड बमोजिम नेपालपे क्युआर तथा इन्टरनेटवर्क क्युआर, डाइरेक्ट डेबिट रिक्वेस्ट-टु-पे तथा इ-म्यान्डेटका उपकरणहरु विभिन्न भुक्तानीका लागि बिलर गेटवे मार्फत अन्तरआबद्धता तथा पिएसओ सेटलमेन्ट लगायतका भुक्तानी उपकरणहरु प्रयोग गर्न सक्नेछ। उक्त स्वीच रिटेल भुक्तानीको प्राथमिक पूर्वाधारको रुपमा रही विभिन्न रियल टाइम, नन-रियल टाइम तथा ओपन एपिआइका मार्फत बैंकले आफ्ना ग्राहकलाई अन्य थप सेवा पनि प्रदान गर्न सक्नेछन्।

सिद्धार्थ बैंकले सदैव आफ्ना ग्राहकहरुका निम्ति विभिन्न डिजिटल भुक्तानी प्लाट्फर्महरु प्रदान गर्दै आएको छ र नेशनल पेमेन्ट स्वीचको पहिलो चरणको थालनीले बैंकका ग्राहकहरुलाई थप सेवा सुविधा प्रदान गर्ने विश्वास गरिएको छ। हाल नेशनल पेमेन्ट स्वीचमा ३६ वटा बैंक/वित्तिय संस्था र ३ भुक्तानी प्रणाली प्रदायक गरी जम्मा ३९ वटा संस्था आबद्ध भइसकेका छन्।

थप जानकारीको लागि बैंकमा सम्पर्क गर्नुहोला।